'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ७३ | शनिवार २४ कार्तिक, २०८१ | 09 (Saturday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### स्थानीय सरकारको पहलमा

## आफ्नै गाउँमा धानको राम्रो मूल्य पाएर किसान खुसी

नमस्ते समचारदाता
दाङ, कार्तिक/२३



दाङको गढवा गाउँपालिका-६ निवासी शिवनारायण तेली गाउँपालिकाले राम्रै भाउमा धान किन्छ रे भन्ने सुनेर बिहीबार धान संकलन केन्द्रमा पुगे। थैलामा धान बोकेर परीक्षणका लागि गाउँमै राखिएको धान संकलन केन्द्र सर्वोदय प्राविमा पुगेका तेलीको धान पहिले मेसिनमा हालेर गुणस्तर परिक्षण गरियो। परीक्षण गर्दा तेलीको धानको मुल्य प्रतिक्वीटल ३ हजार ४ सय १० रुपैंयाको मुल्य पर्ने भयो। आफ्नो धानको राम्रो मुल्य पाएपछि उनले घरबाट टेक्टरमै धान लोड गरेर बिक्री केन्द्र पुऱ्याए। टेक्टरमा लिएको सबै धान तौलिएर बिक्री गर्दा हुन आउने मूल्यको चेक पाउँदा उनी खुसी हुँदै घर फर्किए। सधै धान बचेर जीविकोपार्जन गरेको स्मरण गर्दै तेलीले यस वर्ष राम्रो भाउमा धान गाउँमै बेच्न पाएकोमा खुशी व्यक्त गरे। 'स्थानीय सरकारको पहलमा खाद्यले हामीजस्ता किसानहरुका लागि यो वर्ष निकै राम्रो काम गरेकाले मलाई सारै खुसी लाग्यो। धान बेच्न बजार खोज्नु परेन। भाऊ पनि निकै राम्रो पाइयो।' तेलीले खुसी हुँदै गाउँपालिकालाई धन्यवाद समेत भने। त्यस्तै गढवा गाउँपालिका-६ बनकट्टीका देवराज यादवले आफ्नो सगोल परिवारको वर्षेनि झण्डै एक सय क्वीण्टलको हाराहारीमा धान बिक्री गर्छन्। अहिले सम्म किसानले उत्पादन गरेको धानले समय मै कहिल्यै बजार भाउ राम्रो पाएको थिएन। गत वर्ष २६/२७ सय रुपैयाँ प्रति क्वीण्टल बेच्ने गरेको धान यस वर्ष ३ हजार ४ सयमा बिक्री गर्न पाउँदा झण्डै ८० हजार मुनाफा मात्रै आएको उनी बताउँछन्। घरमै आएका ब्यापारीलाई बेचेको भए दुई लाख ६० हजार पर्ने धान स्थानीय सरकारको समन्वयमा ३ लाख ४० हजारमा बिक्री गर्न पाउँदा मेहनतको फल पाएको यादवले सुनाए। यस अघि धान दाउने बित्तिकै ब्यापारीहरु खेतमै पुग्ने र धेरै सस्तो मूल्यमा खरिद गर्ने गर्दथे। जसले गर्दा किसानहरुको लगानी समेत राम्ररी नउठ्ने गरेको गढवाका किसानहरु बताउँछन्। यस पटक स्थानीय सरकारले खाद्य ब्यवस्था कार्यालयसँग सम्झौता गरेर नेपाल सरकारले तोकेको दररेटमा धान बिक्री गर्न सहजीकरण गरेकोमा यहाँका किसानहरु खुशी धेरै नै खुसी भएका छन् र उनीहरुले स्थानीय सरकारले धन्यवाद दिदै सधै यस्तै गरिदिन आग्रह समेत गरेका छन्। *बाँकी ३ पेजमा...*

## हुम्ली समाजको वनभोज तथा भेटघाट कार्यक्रम

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/२३

आज(शनिबार) बाँकेको कोहलपुरमा हुम्ली एकता समाज बाँके वनभोज तथा भेटघाट कार्यक्रम आयोजना गरेको छ। कोहलपुर स्थित कोहलपुर पार्कमा हुने सो कार्यक्रममा हुम्ली समाजमा आवद्ध रहेका सम्पूर्ण हुम्लीहरुलाई आमन्त्रण गरिएको समाजका अध्यक्ष अशोक भण्डारीले जानकारी गराएका छन्। हुम्ला जिल्लाका विभिन्न स्थानीय तहहरुबाट विभिन्न पेशा, व्यवसाय, नोकरी, अध्यन वा स्थायी-अस्थायी बसोबास गरी बाँकेका विभिन्न स्थानमा बस्दै आएका जन्म थलो हुम्ला भएका हुम्लीहरुको कार्तिक १० गते सम्पन्न भएको भेलाले अशोक भण्डारीको अध्यक्षतामा २१ सदस्यीय हुम्ली एकता समाजको तदर्थ समिति गठन गरेको थियो। भेलामा २०८१ को शुभदीपावली, छठ तथा नेपाल सम्बत ११४५ को शुभकामना आदा-प्रदान गर्नुको साथै दीपावलीको उपलक्ष्यमा देउसी भैलो कार्यक्रम गर्ने योजना बनाएको थियो। सोही योजना अनुसार हुम्ली एकता समाजको ब्यानरमा देउसी भैलो खेलिएको थियो। देउसी भैलोबाट संकलित रकममा करिब १ लाख बचत गरी अन्य केही रकमबाट देउसी भैलोका लागि चाहिने आवश्यक सरसामानहरु किनिएको र केही रकमबाट आज (शनिबार) वनभोज तथा भेटघाट कार्यक्रम आयोजना गरिको हो। कार्यक्रममा समाजको तदर्थ समिति गठन भएदेखि हाल सम्मका आय-व्यय तथा भए गरेका कामहरुको विवरण समेत सार्वजनिक गरिने कार्यक्रम रहेको अध्यक्ष भण्डारीले जानकारी गराएका छन्।

"सामूहिक जमघट हाम्रो आवश्यकता,
बाँकेमा हुम्लीको एकता,सांस्कृतिक संरक्षणको सुनिश्चितता"
हुम्ली एकता समाज, बाँके
वनभोज तथा भेटघाट कार्यक्रम
मिति : २०८१ कार्तिक २४ गते, शनिबार
स्थान : कोहलपुर पार्क, दशबिगाह अगाडि
समय : बिहान १०:०० बजे

## छुट्टा-छुट्टै दुई दुर्घटनामा ४ को मृत्यु ३० जना घाइते

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/२३



सुर्खेत-दैलेख सिमानास्थित वीरेन्द्रनगर-१४, रातानाङ्ला नजिक भएको फोर्स गाडी दुर्घटनामा परी चार जनाको मृत्यु भएको छ। शुक्रबार दिउँसो दैलेख बजारबाट सुर्खेत तर्फ आउँदै गरेको कर्णाली प्रदेश ०२००१ ख ०९९८ नम्बरको गाडी अनियन्त्रित भई दुर्घटनामा परेको गुराँस गाउँपालिकाका उपाध्यक्ष शिवा खड्को जानकारी दिएकी हुन्। उनका अनुसार दुर्घटनामा परी २५ जना घाइते भएका छन्। घाइते २५ जनाको उद्धार गरी थप उपचारका लागि कर्णाली प्रदेश अस्पताल सुर्खेत पठाइएको छ। २९ जना सवार उक्त गाडी सडक भन्दा झण्डै दुई सय मिटर तल खसेको छ। त्यस्तै रत्न राजमार्गको देउराली नजिकै शुक्रबार अर्को फोर्स गाडी दुर्घटना हुँदा पाँच जना घाइते भएका छन्। जुम्लाबाट नेपालगञ्जतर्फ आउँदै गरेको लु २ ख ५७८५ नम्वरको फोर्स गाडी बाँकेको बैजनाथ गाउँपालिका-१, १५ खोला मोडमा टायर पड्किएर दुर्घटना हुँदा पाँच जना घाइते भएको इलाका प्रहरी कार्यालय चिसापानीले जनाएको छ। प्रहरीका अनुसार घाइते हुनेहरुमा कोहलपुर नगरपालिका-११ का गाडी मालिक ४२ वर्षीय अलिबहादुर शाही, बर्दिया बाँसगढी नगरपालिका-१ की ३५ वर्षीया टिका घर्ती, जुम्लाको पतारासी गाउँपालिका-५ की ४४ वर्षीया सुशीला बुढा एवं सोही ठाउँकी ३१ वर्षीया अमकली बुढा तथा बर्दियाको बाँसगढी नगरपालिका-३ की २० वर्षीया गिता परियार रहेको इलाका प्रहरी कार्यालय चिसापानीले जनाएको छ। घाइतेहरुको नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा उपचार भइरहेको छ। गाडी चालक र गाडीलाई प्रहरीको नियन्त्रणमा राखेर घटनाबारे थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# नोबेल पुरस्कारको नयाँ रुख



गणेश खनिया

स्वेत्लाना एलेक्सेभिच, ओल्गा टाकार्जुक, लुइस, ग्लक, एनी एर्नो एक दशकयताका साहित्यका नोबेल विजयी महिला लेखक हुन् । यही लहरमा उभिएकी छन् -हान काङ्, जसले एसियाबाट सन् २०२४ को यो पुरस्कार जित्ने पहिलो महिलाको कीर्तिमान रचेकी छन् । नोबेल जितेका कतिपय लेखक हाम्रो पठन पहुँचमा पुरस्कार पाउनुअघि आइपुगेका थिएनन् । तर, हान काङ् भने सन् २०१६ मा ‘दि भेजिटेरियन’ उपन्यासका लागि बुकर इन्टरनेसनल पाएपछि नै पढिन थालिएकी थिइन् । नेपाली प्रकाशन गृह बुक हिल्सबाट प्रकाशित गरियो यसको नेपाली अनुवादसमेत, प्रवीण अधिकारीको सिद्धहस्त संलग्नतामा । यस पटकको नोबेल हात पारेसँगै उनी हाउसहोल्ड नेम नै भइसकेकी छन् सर्वत्र । कोभिडकालभन्दा अघिको एक बिहान ! आँखा जँचाउन तिलगंगा अस्पतालमा आफ्नो पालो कुरी बसेको थिएँ । कुर्दाकुर्दा पट्यार लागेर झोलाबाट हान काङ्को ‘दि भेजिटेरियन’ झिकेर पढ्दैथिएँ । उपन्यासको अन्तिम भागतिर नजर दौडाउँदै गर्दा छेवैको भाइले कोट्याएर सोधे, ‘दाइ, मलाई पनि मासु छोड्न मन छ । तर सकिराखेको छैन । यो किताबले भेजिटेरियन बन्न सहयोग गर्छ हो ?’ मलाई रोचक लाग्यो उनको अभिव्यक्ति । केहीबेर म नबोलेकोमा अक्क न बक्क पर्दैथिए उनी । अब चाहिँ मैले भन्नैपर्ने भयो, ‘भाइ, यो किताबमा मासु छोड्न सघाउने टिप्स भेटिँदैन । यसमा त एउटी महिलाको दर्दनाक कहानी छ, जो अन्ततः आफूलाई रुखमा रूपान्तरित भएको ठान्छे ।’ अब चित खाने पालो थियो ती भाइको । उनको उत्सुकता निवारण गर्नैपर्ने भयो मैले । अनि थालें किताबका केही प्रसंग सुनाउन । मासु खपतमा अगाडि छ कोरियाली समाज । त्यही समाजकी एक पात्र योङ्ग हे भने मासु खान छाड्छे । उसको यो निर्णयले सुनामी आउँछ परिवारमा । एलिनझैं व्यवहार गर्छन् सबै ऊप्रति । लोग्ने, बाउ, आमा सबै उभिन्छन् उसको विपक्षमा । आफ्नै बाउले बलजफ्ती कोचाएर मासु खुवाउन खोज्छ । ऊ एउटा पार्टीमा पारदर्शी पहिरनमा सामेल हुन्छे, लोग्ने र उसका सहकर्मीहरूलाई जिल्ल पार्दै । उसका यस्तै हरकत बढ्न थालेपछि सधैंका लागि छोडी हिँड्छ लोग्ने । योङ्ग हेको जीवनको पहिलो घुम्ती हो यो । दोस्रो घुम्तीमा कथा हाँक्ने चालक छ योङ्ग हेको भिनाजु । चित्रकार हुन्छ ऊ । सालीको नाङ्गो शरीरमा विभिन्न रंगका फूल र चित्रकलाले सजाउन थाल्छ । पेन्टिङको बहानामा आफ्नो कामवासना पूरा गर्न खोज्छ । त्यही बेला हो उपन्यासले ‘सर्रियल टर्न’ लिने । योङ्ग हेको योनीबाट रुखका जराहरू उम्रन्छन् । यौन इच्छा निमेषभरमा सेलाउँछ, तर्सिएर भाग्छ उसको भिनाजु । पछि सालीको कमजोरी चाल पाएर आफ्नो शरीरभर फूलको चित्र बनाउन लगाउँछ र उसको कामवासना पूरा गर्छ । उपन्यासको तेस्रो घुम्तीमा माछामासु मात्र होइन, अरू पदार्थ पनि खान बन्द गर्छे योङ्ग हे । विल्कुलै निराहार जीवन बाँच्न थाल्छे । मेन्टल अस्पतालमा छोडिन्छे ऊ । दिदीबाहेक सबैले त्याग्छन् उसलाई । आफूलाई रुखमा परिणत भएको महसुस गर्छे । कमजोर र कंकालमय हुन्छ उसको अस्तित्व । योङ्ग हेको जीवनका यिनै तीन घुम्तीभित्र असरल्ल फिँजिएका छन् कैयौं पेचिला विषयहरू । लेखक हान काङ् र अनुवादक डेवोरा स्मिथको सुकर्मको व्यापकता फैलँदै गयो, साझेदारी अझ झाँगियो । यही साझेदारीको परिमाण थियो अर्को उपन्यास -‘ह्युमन याक्ट्स’ (प्रतिरोधी आवाजको दस्ताबेज) । ‘दि भेजिटेरियन’ मा पनि फाट्टफुट्ट कोरियाली राजनीतिक विगतका झिल्का नभेटिने होइन, तर ‘ह्युमन याक्ट्स’ समग्रमा राजनीतिक घटनावलीको आख्यानिक प्रतिबिम्ब हो । सन् १९८० को मे महिनामा कोरियाली सहर ग्वाङ्गजुमा लोकतन्त्र बहालीका लागि विद्यार्थीको व्यापक प्रदर्शन सुरु भयो । धेरै मानिसको हत्या भयो, धरपकड, बलात्कार, अंगभंगका अनेक घटना भए । प्रदर्शनकारीलाई उत्तर कोरियाबाट छिरेका देशद्रोहीको कम्युनिस्ट करार गर्दै बेपर्वाह गोली बर्साइयो । हान काङ् मात्र आठ वर्षकी थिइन् त्यस बेला । उनको परिवार नरसंहारको घटनाको केही महिनापहिले मात्र ग्वाङ्गजुबाट राजधानी सोल बसाइँ सरेका थिए । सानै भए पनि उनले त्यस घटनामा परेका परिवारजनको पीडा, बेचैनी सुनेकी थिइन् । पछि त्यही घटनामाथि लामो अध्ययन-अनुसन्धान गरेर उपन्यास तयार पारिन् । दबिएको आवाजमा बोल्नु हरेक घरको यथार्थ थियो १९८० ताका । रातबिरात सेना घरमा छिर्थ्यो, जाँचपड्तालका नाममा अनेक दुःख दिन्थ्यो । चेलीहरू माथि जाइलाथ्यो । यिनै घटनालाई आख्यानको मालामा उनेपछि तयार भयो ‘ह्युमन याक्ट्स’ । काल्पनिक पात्र प्रदर्शनकारी विद्यार्थी दोङ्ग होको हत्यालाई केन्द्रमा राखेर उनको जीवनमा जोडिएका निकटस्थहरूबाट कथानक अघि बढेको छ । उपन्यासको एपिलग खण्डमा त लेखक हान काङ् नै कथावाचक छन् । केही कवितांशसहित यो खण्डलाई उनले यथार्थबाट माथि उठाएकी छन् । पीडाको पराकाष्ठाबाट व्यथित पाठक मनमा मलम लगाउन चाहेकी हुन् उनले सायद । अध्यायपिच्छे कथानकको परिवर्तन ‘दि भेजिटेरियन’ को उल्लेख्य पक्ष थियो । ‘ह्युमन याक्ट्स’ मा आइपुग्दा यसमा अझ विविधता आएको छ । जेलिएका घटनाक्रम र सत्यता नै ओझेल परेको समय थियो ग्वाङ्गजु प्रकरण । यस्ता कथाको सिलसिलेवार वर्णन सम्भव छैन सायद । यही बहुस्वरात्मक वाचनपद्धति नै न्यायिक ठहर्छ र कथाहरू यसरी नै उधिन्ने गर्छिन् उनी । उनको कथा वाचन दृश्यात्मक त छँदै छ । सँगसँगै तिनले अन्य इन्द्रियलाई पनि प्रभावित पार्छन् । दिगमिग, आक्रोश, घृणा, कामभाव आदि विविध रसको अलग कोलाज पाइन्छ त्यहाँ । ‘तिमी’ पात्रबाट कथानकको थालनी अर्को रोचक पक्ष छ यस उपन्यासमा । दुर्लभ भेटिने यस्तो प्रयोगले ‘ह्युमन याक्ट्स’ को राजनीतिक इतिहासलाई आम पाठकको नजिक ल्याउन खोजेको प्रतीत हुन्छ । २००६ को जेठ महिनाको एक मध्याह्न । काठमाडौंमा अकस्मात् परिचय भयो दुई कोरियाली युवती जेसोङ्ग र जिनासँग । जेसोङ्ग हामीसँगै पछि दार्जिलिङ र सिक्किम पनि गइन् । जिनाकी आमा कोरियाली संस्था कोइकाका तर्फबाट स्वयंसेवी शिक्षक बनेर नेपालमा आइरहने रहिछन् । यी दुई साथीबाट पहिलो पटक दक्षिण कोरियाको ग्वाङ्गजु नरसंहारबारे सुनेको हुँ । आफ्ना बुबा-आमाले सुनाएका विगतका घटनालाई जोडेर कोरियाली त्यो कालो विगत सुनाइरहेथे उनीहरू । कहाँ सजिलै भुल्न सकिन्छ र विगतका पीडालाई ? कहाँ छुटकारा मिल्छ र दर्दनाक आघातबाट ? हान काङ्का नजरमा त ग्वाङ्गजु मात्र दक्षिण कोरियाको घाउ रहेन अब । अस्विच, बोस्निया, नान्जिङ, रैथाने अमेरिकी सबैमाथि गरिएको कत्लेआमको पर्याय बनेको छ ग्वाङ्गजु । जब-जब तानाशाही राज्यले निहत्था समुदायमाथि दमन गर्न थाल्छ, ग्वाङ्गजुको आततायी विगत झल्झल्ती सम्झिन्छिन् -हान काङ् । यही यथार्थको प्रत्यक्ष/अप्रत्यक्ष भोक्ता बन्यो हाम्रो पुस्ता पनि, माओवादी सशस्त्र विद्रोहका दशकमा । त्यसैले त ग्वाङ्गजु दक्षिण कोरियामा मात्र सीमित रहेन, एउटा समवेत रूपक बनिसक्यो । हिंसा उनका उपन्यासमार्फत उजागर हुने नियमित विषय होरु। ‘दि भेजिटेरियन’ मा यो पुरुषसत्तासँग सीधै जोडेको देखियो । ‘ह्यमुन नोबेल’ बाट यसलाई राष्ट्रिय आयाममा ल्याइन् उनले । पात्रमार्फत मानसिक आघातका भित्री तहसम्म पुग्छिन् उनी । मानवीय निरीहता बडो जतनले केलाउँछिन् । क्रूरताका वर्णनमा पनि उत्ति नै काव्यिक छन् उनी । उनले नोबेल हात पारेपछि भाइरल बन्यो एउटा अंश :

*आफ्टर यु डाइड आइ कुड नट होल्ड अ फ्युनरल,*
*एन्ड सो माई लाइफ बिकेम अ फ्युनरल ।*
*(तिमी मरेपछि गर्न सकिन तिम्रो अन्त्येष्टि त्यसैले त भैगयो मेरो जीवन एक अन्त्येष्टि ।)*

‘ह्युमन याक्ट्स’ की एक पात्र किम युन सुकको हो यो अनुभूति । सैनिक निगरानीमा परेकी यी सम्पादकमाथि हातपात गरिन्छ, विद्रोहीलाई सघाएको र सूचना लुकाएको आरोपमा । एक अध्यायमा उनकै कथानकमा घटना अघि बढ्छ । अध्यायलाई थप्पड एकदेखि थप्पड सातसम्म वर्णन गरिएको छ । पीडालाई काव्यिक बनाउने यो कला कति अनुपम छ हान काङ्को । कविता उनको प्रारम्भिक साधना थियो । यसको अनुगुन्जन भेटिन्छ उनका हरेक उपन्यासका पंक्ति-पंक्तिमा । मानवीयताको आह्वान उनको केन्द्रीय स्वर बनेको छ हरेक उपन्यासमा । नग्नता अर्थात् न्युडिटी कलाको बलियो हाँगा मानिन्छ । नग्नता विरोध र प्रतिरोधमा प्रयोग भइरहने हतियार पनि हो । विश्व आर्थिक मञ्च, जी एट सम्मेलनहरूसमेत नग्न जुलुसले तनावग्रस्त बनेको आलो इतिहास छ हाम्रोसामु । छिमेकी भारतको मणिपुरमा पनि बर्बर सैनिक कानुनको विरोधमा महिलाहरूले अर्धनग्न प्रदर्शन गरेथे एक दशकअघि । हामीकहाँ पनि अस्मिता बादीको अर्धनग्न विरोधले प्रतिरोधको एउटा अलग मिसाल कायम गरेको छ । ‘दि भेजिटेरियन’ मा नाङ्गो शरीरमा पेन्टिङ गर्नु र कामेच्छा पूर्ति गर्न खोज्नुलाई उजागर गर्दै कोरियाली समाजमा व्याप्त पितृसत्ताको नाङ्गो रूपलाई उदाङ्गो पारेकी छन् उनले । अनि ‘ह्युमन याक्ट्स’ मा यो राज्यसत्ताको विद्रुप स्वरूपमा अझ छताछुल्ल बन्न पुग्छ । परस्परविरोधी मानवीय चाहना र जटिल मनोविज्ञानको टड्कारो बिम्ब छन् उनका उपन्यासमा । अद्भुत स्वैरकल्पना छ उनका उपन्यासमारु। ‘दि भेजिटेरियन’ को एक अंश : ‘दिदी हेर त । मेरो शरीरभरि पात उम्रेका छन् । हातमा पलाएका जराहरू जमिनभित्र गाडिँदै छन् । म टाँग फट्ट्याएर बस्न चाहन्छु ताकि मेरो गुप्ताङ्गमा रंगीचंगी फूल फुलोस् ।’ तर, यथार्थको जगमा टेकेको छ कानको स्वैरकल्पनाले । मुख्य चरित्रले पहिरनप्रतिको उदासीनता देखाउनु, मासु नखानु र अन्तमा निराहार रहनु सबै सन्दर्भले लेखकको बढ्दो पर्यावरणीय चिन्ता प्रकट गर्छ । रुखमा बदलिएको ठान्ने योङ्ग हे आफ्नी दिदीलाई भन्छे, ‘दिदी, संसारभरका रुखहरू त मलाई दिदीभाइ/दाजुबैनी जस्तो लाग्छ ।’ हान काङ्को अर्को किताब छ ‘ह्वाइट बुक’ । ससाना काव्यिक वर्णन छन् यसभित्र । सेतो रंगलाई अनेक अर्थमा केलाएकी छन् उनले । आफ्नै पारिवारिक पीडालाई घोलेर उनले मृत्युमाथि मेडिटेसन गरेझैं लाग्छ यहाँ । ‘ह्वाइट बुक’ उनको मानसिक थेरापीको माध्यम हो सायद । मौनताको पक्षपोषण गरिएको एउटा चर्चित भनाइ छ - क्षमतावान् मान्छेले हल्ला गर्दैन । बेलायती नाटककार ह्यारोल्ड पिन्टरले मौनताको बिछट्टै सदुपयोग गर्थे । ‘दि केयरटेकर’ यसको बलियो उदाहरण हो । हान काङ्का पात्रहरू पनि सतहमा कमजोर र निरीह देखिन्छन् । तर, यही मौनता भयंकर शक्तिशाली हतियारका रूपमा छाएका छन् उपन्यासमा, विद्रोहको मुखर स्वरूपमा । ‘दि भेजिटेरियन’ की केन्द्रीय पात्र योङ्ग हेको मौनता उनको कमजोरी होइन, वाचाल प्रतिवाद हो । दक्षिण कोरियाली सैनिक ज्यादतीको छायामा साउतीको शैलीमा जीवन धानेका नागरिकका लागि मौनता अपरिहार्यता बन्यो । बलवान राज्यसँग लड्ने अलग हतियार थियो सायद-दोङ्ग हो, युन सो लगायतका ‘ह्युमन याक्ट्स’ का पात्रहरूको । मौनता स्पष्ट ढंगले पात्रमार्फत प्रकट हुन्छ उनको अर्को उपन्यास ‘ग्रीक लेसन्स्’ मा आइपुग्दा । बोल्न छाडेकी महिला र दृष्टि गुमाउँदै गरेका पुरुष पात्रबीच हुने संवाद कस्तो होला ? यिनै दुई पात्रमार्फत हिंसा र मानवीयताका अनेक आयाम सतहमा ल्याउँछिन् उनी ‘ग्रीक लेसन्स्’ मारु। पात्रको मनोविज्ञानमा सप्रेम खेल्छिन् उनी, उत्तिकै प्रगाढ रूपमा । हान काङ्का लागि-‘वाणजस्तै हो भाषा । अलिकतिले मात्र निशाना चुक्ने ।’ त्यसैले त पात्रको मौनता उनको स्थापित शैली बनिसकेको छ आज । पूरै साहित्यिक पारिवारिक परिवेशमा हुर्केकी हान काङ्को लेखन मितव्ययी छ । शब्दहरू निकै फारो गर्दै प्रयोग गर्छिन् उनीरु। खासमा उनलाई पढ्न धेरै सजिलो छ । लघु उपन्यासभन्दा पनि हुन्छ उनका किताबलाई । मनोयोगले एकै बसाइमा छिचोल्न सकिन्छ । कथावाचनको नौलो प्रयोगले तड्काको काम गर्छ, जिब्रोले नयाँ स्वाद पाएजस्तै । विषय र शैली दुवैका कारण पढिसकेपछि उनका उपन्यासको प्रभावबाट भने सहजै मुक्त हुन सकिन्न । आघात र हिंसाका जेलिएका विषयले वारपार गरिबस्छन् पाठक मस्तिष्कमा ।

*-कान्तिपुर*



*– हान काङ्को लेखन मितव्ययी छ । उनलाई पढ्न सजिलो छ, तर पढिसकेपछि कथाको प्रभावबाट सहजै मुक्त हुन सकिन्न । आघात र हिंसाका ती कथा ओहोरदोहोर गरि रहन्छन् मस्तिष्कमा ।*
*– मेरा शरीर भरि पात उम्रेका छन् । हातमा पलाएका जराहरू जमिनभित्र गाडिँदै छन् । संसार भर का रुखहरू मलाई आफ्नै दिदीभाइ/दाजुबैनी जस्तै लाग्छ – दि भेजिटेरियन*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# स्वास्थ्य चौकीमा निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सुरु

नमस्ते समचारदाता
डोल्पा, कार्तिक/२३



डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ स्थित त्रिपुराकोट स्वास्थ्य चौकीमा निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सुरु भएको छ। कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आयोजना तथा त्रिपुरासुन्दरी नगरपालिका डोल्पाको समन्वयमा दुई दिने शिविर शुक्रबारबाट सुरु भएको हो। स्वास्थ्य शिविरको शुक्रबार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले एक कार्यक्रमका बिच उद्घाटन गर्नुभयो । दुर्गम क्षेत्रका नागरिकलाई विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने उद्देश्यले शिविरको आयोजना गरिएको बताउनुभयो। निःशुल्क स्वास्थ्य शिविरको उद्घाटन कार्यक्रममा सामाजिक विकास मन्त्रीसँगै, सामाजिक विकास मन्त्रालयका सचिव दीर्घबहादुर पोखेल, कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. रविन खतिवडा, सुर्खेत आँखा हस्पिटलका अध्यक्ष तथा सुर्खेत रेडक्रस सोसाइटीका सभापति रामलाल आचार्य, औषधी वितरण संघ कर्णाली प्रदेशका अध्यक्ष प्रेम भण्डारीलगायतको टोली डोल्पा पुगेको छ । त्रिपुरासुन्दरी नगरपालिकाका प्रमुख जनचन्द्र रोकायले नगरवासिलाई स्वास्थ्य परीक्षण तथा शल्यक्रियामा सहज होस् भनेर समन्वयमा शिविर राखिएको बताउनुभयो । दुई दिनसम्म सञ्चालन हुने स्वास्थ्य शिविरमा कर्णाली प्रदेशका विशेषज्ञ चिकित्सकले सेवा दिने त्रिपुरासुन्दरी नगरपालिका स्वास्थ्य शाखा प्रमुख तुलबहादुर श्रेष्ठले जानकारी दिनुभयो । शिविरमा आँखा, कान, घाँटी, नाक, हाड जोर्नी, सहित स्वास्थ्यसम्बन्धी अन्य सेवाहरु समेत सञ्चालनमा रहने छन् । यसैबिच दुई दिने निःशुल्क स्वास्थ्य शिविरमा नेपाल रेडक्रस सोसाइटी र सुर्खेत आँखा अस्पतालको आयोजनामा निःशुल्क मोतियाबिन्दुको समेत शल्यक्रिया गरिने भएको छ। त्रिपुरासुन्दरी नगरपालिका, नेपाल रेडक्रस सोसाइटी, तिलगंगा आँखा अस्पताल, सुर्खेत आँखा अस्पतालको आर्थिक तथा प्राविधिक सहयोग तथा नेपाल रेडक्रस डोल्पा शाखा दुनै र उपशाखा त्रिपुराकोट डोल्पाको आयोजनामा निःशुल्क मोतियाबिन्दु शल्यक्रिया आँखा शिविरको आयोजना गरिएको हो। सुर्खेत आँखा अस्पतालका अध्यक्ष तथा नेपाल रेडक्रस सोसाइटी सुर्खेतका सभापति रामलाल आचार्यले रेडक्रसले हरेक क्षेत्रका विपदमा परेका नागरिकलाई स्वास्थ्य सेवासहितको सहयोग गर्दै आइरहेको बताउनुभयो । नेपाल रेडक्रस सोसाइटीले दुर्गम जिल्लाका घर दैलोमा पुगेर सेवा प्रदान गरी दुर्गमका नागरिकको अन्धोपनाको समस्यालाई न्युनीकरण गर्ने रेडक्रसको मुख्य उद्देश्य रहेको सभापति आचार्यको भनाइ थियो । जिल्लाका स्थानीय तहले रेडक्रससँग समन्वय गरी आफ्नो क्षेत्रका नागरिकको अन्धोपनाको समस्याका विषयमा जागरूकताका साथ समन्वय गरी सेवा उपलब्धतामा सहज गर्नुपर्नेमा आचार्यले जोड दिनुभयो । शिविर कात्तिक २४ गतेसम्म सञ्चालन हुने छ । शिविरमा जटिल प्रकारको शल्यक्रिया गर्नु परे त्रिपुरासुन्दरी नगरपालिका तथा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको आर्थिक सहयोगमा प्रदेश हस्पिटल सुर्खेतमा निःशुल्क गरिने समेत बताइएको छ।

# 'हामी साथमा छौँ' भनेर सरकारले झुक्यायो

नमस्ते समचारदाता
रुकुमपश्चिम, कार्तिक/२३

रुकुमपश्चिमको आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसीलाई भूकम्प प्रभावित क्षेत्रमा हालसम्म आधुनिक बस्ती विकास र पुनर्निर्माण सकिने आशा लागेको थियो। गत वर्ष जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर भूकम्प गएलगत्तै तत्कालीन प्रधानमन्त्री, मन्त्रीहरू र त्यसपछि राष्ट्रपति नै आएर 'हामी साथमा छौँ' भनेर ढाडस दिँदा स्थानीय सरकारसँगै पीडितहरूको पीडामा मलम लागेको थियो, नयाँ आशा जागेको थियो । वर्ष दिनसम्म पनि सरकारको आश्वासन पूरा हुन नसकेपछि पीडितले सरकारले झुक्याएको, झुटो आश्वासन दिएको गुनासो गर्न थालेका छन् । सरकारले प्रभावितसँगै सिङ्गो राज्य रहेको र तत्काल पुनर्निर्माण सुरु गर्ने आश्वासन पाउँदा एक वर्षमै पुनर्निर्माण सम्पन्न हुने आशा जागेको तर वर्ष दिनसम्म पनि सरकारले पुनर्निर्माण कार्यविधि बनाउन नसकेकोमा नगरप्रमुख केसीको दुखेसो छ । उहाँले वर्ष दिनसम्म पुनर्निर्माण त के अस्थायी टहराकै रकम नपाउनु दुर्भाग्य रहेको बताउनुभयो । स्थानीय सरकारको नेतृत्वमा खोज, उद्धार, उपचार, राहत वितरणको काम प्रभावकारी भएको तर सङ्घीय सरकारमार्फत हुनुपर्ने पुनर्निर्माणको काम हुन नसकेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "जाजरकोट र रुकुमपश्चिमका बासिन्दाको पीडा र सङ्घीय तथा प्रदेश सरकारको अवस्था हेर्दा निकै उदेक लाग्ने गरेको छ। सरकारले हामी साथमा छौँ भनेर झुक्यायो ।" जाजरकोटको बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले पनि भूकम्पको क्षतिलाई अवसरका रूपमा लिएर नयाँ ढङ्गले बस्ती विकास, पुनर्निर्माणलगायतका काम हुने आशा लागेको तर निराशा बन्दै गएको उल्लेख गर्नुभयो। अध्यक्ष गिरीले भन्नुभयो, "प्रभावितहरू अत्यन्तै अप्ठ्यारो अवस्थामा गुज्रिरहेका छन्। जतिसक्यो छिटो कार्यविधि बनाएर कार्यान्वयन गर्न आवश्यक छ।" कार्यविधिपश्चात् मात्र विभिन्न दातृ निकायले समुदाय, टोल तथा लक्षित क्षेत्रमा लगानी गर्ने वातावरण बन्ने उहाँको भनाइ छ। विनाशकारी भूकम्पले अकल्पनीय रूपमा ठुलो मानवीय र भौतिक क्षति गरेको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकै तथ्याङ्क अनुसार जाजरकोट र रुकुमपश्चिमका १५४ जनाको ज्यान गयो भने २६ हजार ५५७ घर पूर्ण र ३५ हजार ४५५ घर आंशिक क्षति भएका छन्। विद्यालय, स्वास्थ्य चौकी, ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं पुरातात्त्विक महत्वका सम्पदा ध्वस्त भए । विनाशकारी भूकम्प गएको एक वर्ष पूरा हुँदासम्म पनि भूकम्पले ढलेका यहाँका बस्ती उठ्न सकेका छैनन्, थलिएकै छन् । भूकम्पबाट प्रभावित अझैसम्म पनि आफन्त, पशुचौपाया र घर गुमाउँदाको पीडाले सहज अवस्थामा पुग्न सकेका छैनन्।

## खानेपानीको...

अहिले तीन गाउँका ७१ घरमा खानेपानी पुगेको छ । खानेपानीकै लागि वर्षौं देखि दुःख बेहोर्दै आएका तीन बस्तीको समस्यालाई सम्बोधन गर्न २०७४ सालदेखि नै पहल भए पनि मुहान विवादका कारण कार्यान्वयन हुन सकेको थिएन । २०८१ कार्तिकमा सम्पन्न गर्ने गरी कर्णाली प्रदेश सरकारको बहुवर्षीय योजना अन्तर्गत दुई करोड १५ लाख रुपैयाँको लागतमा लिफ्ट खानेपानी योजनाको काम २०८० बैशाखमा सम्झौता भई शुरु भएको थियो । तोकिएको समयावधि अगाडि नै काम सम्पन्न भएको छ। शारदा नगरपालिकाले सबै नगरवासीलाई खानेपानीको पहुँचमा पुऱ्याउने उद्देश्यका साथ बृहत खानेपानी आयोजना सञ्चालनको तयारी गरेको छ। खानेपानीलाई प्राथमिकतामा राखेर विभिन्न निकायको सहयोगमा नगरपालिका भित्र विभिन्न आयोजना मार्फत काम गरिरहेको नगरप्रमुख प्रकाश भण्डारीले जानकारी दिए । नगरपालिकाको वडा नं. १, ४, ५, ८, ९, १० र ११ को लागि बृहत खानेपानी आयोजना अन्तर्गत १ अर्ब १० करोड रुपैयाँको डिपिआर अन्तिम चरणमा पुगेको नगर प्रमुख भण्डारीको भनाइ छ। संघीय सरकारको सहयोगमा साढे १३ करोड रुपैयाँको खानेपानी योजना वडा नम्बर १४ र १५ को लागि छ, त्यति नै बराबरको योजना ६ नम्बर वडामा छ, साढे ८ करोडको खानेपानी योजना १३ नम्बर वडामा सम्पन्न हुन लागेको छ । १२ नम्बर वडामा पनि खानेपानी योजना चलिरहेको छ । यो वर्ष पनि एक करोड रुपैयाँ विनियोजन गरेर १३ नम्बर वडाको सांगारमा योजना टेण्डर प्रक्रियामा लैजान लागेका छौं'। यहाँका नागरिकले विगतमा जसरी खानेपानीकै लागि दुःख नपाउन् भन्ने नगरपालिकाको लक्ष्य रशेको नगर प्रमूख भण्डारीले बताए।

# जोखिममा धनगढीको इन्धन डिपो, स्थानान्तरणको माग

नमस्ते समचारदाता
धनगढी, कार्तिक/२३




धनगढी उपमहानगरपालिका-३ चटकपुर निवासी धर्मसिंह-माधवी ऐर दम्पतीलाई हिजोआज निद्रा पर्दैन । घरै अगाडि रहेको नेपाल आयल निगमको इन्धन डिपोका कारण ऐर दम्पतीमात्र होइन, डिपो वरपरका मानिस निर्धक्क भएर सुत्न सकेका छैनन् । डिपोका कारण सधैँ त्रासमा रहनुपरेको उनीहरूको गुनासो छ । स्थानीय धर्मसिंह डिपो स्थानान्तरणका लागि पटकपटक आग्रह गरिए पनि कुनै सुनुवाइ नभएको दुखेसो गर्नुहुन्छ । पेट्रोलियम पदार्थ भण्डारण गरिएका ठुल्ठुला ट्याङ्क नजिकै भएको र डिपोबाट इन्धन 'लोडअनलोड' भइरहँदा घरमा आगो बाल्न पनि त्रसित हुनुपरेको चटकपुरका स्थानीयको गुनासो छ। "घरमा आगो बाल्न डराउनुपर्ने अवस्था छ", माधवीले भन्नुभयो, "डरले रातभर निद्रा पर्दैन, निगमले डिपो अन्यत्र सारेर स्थानीयलाई निर्धक्क जिउन दिनुपर्छ ।" केही वर्ष पहिले जङ्गल रहेको डिपो आसपास अहिले बाक्लो बस्ती छ। डिपो अगाडि नै रहेको धनगढी-अत्तरिया सडकमा दैनिक हजारौँ सवारीसाधन गुड्छन् । नजिकै धनगढी नेत्रालय, सिपी अस्पतालसहित अन्य स्वास्थ्य संस्था, विद्यालय र व्यापारिक 'कम्प्लेक्स' सञ्चालनमा छन् । नगर क्षेत्रमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रममा पनि आफूले पटकपटक डिपोका कारण स्थानीयले निर्धक्क भएर बस्न नपाएको र बस्ती नभएको क्षेत्रमा डिपो सार्न पटकपटक आग्रह गरेको धर्मसिंह सम्झनुहुन्छ । चटकपुरकै स्थानीय भीम मल्ल घनावस्तीबीचको डिपोका कारण वरपरका बासिन्दा सधैँ चिन्तित रहेका सुनाउनुहुन्छ । "कतिबेला आगलागी हुन्छ, सधैँ चिन्तित छौँ", उहाँ भन्नुहुन्छ, "आगलागीको त्रासका कारण स्थानीयले ढुक्कका साथ जीवनयापन गर्न सकेका छैनन् ।" केही वर्षअघि डिपो नजिकै रहेको एक फर्निचरमा आगलागी हुँदा कतिपय स्थानीय घरै छाडेर हिँडेका चटकपुरवासीको सम्झनामा ताजै छ । धनगढी उपमहानगरपालिकाका प्रमुख गोपी हमाल मुख्य बजारको बीचमा रहेको डिपोका कारण सुरक्षा चुनौती थपेको बताउनु हुन्छ । "डिपो नजिकै अस्पताल र विद्यालय सञ्चालनमा छन्, कसैगरी 'डिजास्टर' भयो भने आसपास मात्र नभई सिङ्गो नगर नै प्रभावित हुनसक्छ", प्रमुख हमालले राससँग भन्नुभयो, "लाखौँ लिटर इन्धन भण्डारण गरिएको छ, दुर्घटनाको जोखिम छ, बस्ती नभएका क्षेत्रमा डिपो सार्नुपर्छ।" डिपो सुरक्षित स्थानमा स्थानान्तरण गर्न निगमलाई पटकपटक आग्रह गरिएको बताउँदै उहाँले निगमका तर्फबाट पनि डिपो सार्ने प्रतिबद्धता प्राप्त भएको जानकारी दिनुभयो । निगमले डिपो स्थानान्तरण गर्ने योजना तर्जुमा गरे पनि जग्गा प्राप्तिमा ढिलासुस्ती भएको छ । सरकारी स्वामित्वको राष्ट्रिय आवास कम्पनीले कञ्चनपुरको पुनर्वास नगरपालिका वडा नम्बर ३ र ५ मा रहेको २२ बिघा जग्गा निगमलाई बिक्री गर्ने प्रस्ताव गरे पनि त्यो कार्यान्वयन भएको छैन। निगमका उपनिर्देशक प्रदीप यादव पनि डिपो स्थानान्तरणको प्रयास भइरहेको बताउनुहुन्छ । "घना बस्तीका बीचमा डिपो छ, यसलाई स्थानान्तरण गर्नैपर्छ", उपनिर्देशक यादवले भन्नुभयो । सुरक्षा मापदण्ड अनुसारका संरचना निर्माणका लागि अहिले डिपो भएको जग्गा अपुग छ । निगमले यसअघि समिति गठन गरी डिपो स्थानान्तरणका लागि जग्गा खोजेको थियो । धनगढीस्थित डिपोमा संरचना निर्माण गर्न जग्गा अपर्याप्त भएकाले दैनिक कार्य सञ्चालन प्रभावित भएको निगमका प्राविधिक जगदीशप्रसाद जैसी बताउनुहुन्छ। हाल डिपो रहेको जग्गा अपर्याप्त भएकाले भण्डारण क्षमता वृद्धि गर्न तथा ट्याङ्करमा 'लोडअनलोड' गर्न पनि समस्या भएको उहाँले बताउनुभयो । हरेक प्रदेशमा कम्तीमा ९० दिनको माग धान्न सक्ने पेट्रोलियम पदार्थ भण्डारणगृह निर्माण गर्ने सरकारको योजना छ। भण्डारण क्षमता बढाउन निगमलाई चटकपुरस्थित डिपो स्थानान्तरण गर्नुपर्ने बाध्यता छ।

## आफ्नै...

गाउँपालिका भरीको धान बिक्री गर्न भनी स्थानीय सरकारको पहलमा गढवा-६ स्थित सर्वोदय प्राविको प्रांगणमा संकलन केन्द्र स्थापना गरी बुधबार देखि किसानहरुले ल्याएको धानको गुणस्तर जाँच गर्दै खरिद गर्ने कार्य भइरहेको खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड तुलसीपुरका प्रमुख तिलक सुनारले जानकारी गराए। गढवा गाउँपालिका र खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लि. तुलसीपुर बीच गढवाका किसानहरुको १८ हजार क्वीण्टल धान खरिद गर्ने र धानको मुल्य नेपाल सरकारले तोकेको दररेट अनुसार नै उपलब्ध गराउने गरी द्विपक्षीय सम्झौता भएको गढवा गाउँपालिकाका अध्यक्ष यमनारायण शर्मा पोखेलले बताएका छन् । किसानहरुले उत्पादन गर्ने गरेका कृषि उपजहरुले उचित बजारभाउ नपाउने गरेको समस्या चारैतिरबाट आएपछि कृषि उपज संकलन र बजारीकरणको कार्यविधि नै तयार गरी गाउँपालिकाले यो अभियान शुरुवात गरेको अध्यक्ष पोखेलले जानकारी गराए । पोखेलले भने, 'यसपालि अलि ढिला भयो, आगामी वर्षमा किसानहरुको बाली नपाक्दै सम्झौता गरेर बिक्री वितरणका लागि संकलन तथा बिक्री केन्द्र सुचारु गर्ने योजना बनाइएका छौं ।' यसवर्ष पालिका भरका किसानहरुको १८ हजार क्वीण्टल धान बिक्रीबाट किसानहरुलाई एक करोड ४५ लाख प्रत्यक्ष नाफा निस्कने अध्यक्ष पोखेलले बताए। लुम्बिनी प्रदेशमै पहिलो पल्ट दाङको गढवा गाउँपालिकाबाट कृषि उपज खरिद गर्ने कार्य शुरुवात गरेको खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडका प्रमुख तिलक सुनारले बताएका छन् । नेपाल सरकारले तोकेको दररेट मोटो धानको मूल्य प्रति क्वीण्टल ३ हजार ४ सय १० र मसिनो धानको प्रति क्वीण्टल ३ हजार ५ सय ८० रहेको छ। सोही बमोजिम मोटा धान खरिद कार्य शुरु गरिएको खाद्य ब्यवस्था कार्यालयले जनाएको छ । किसानहरुले ल्याएको धान मसिन मार्फत् गुणस्तर परीक्षण गरिन्छ। मापदण्ड अनुसार १८ प्रतिशत भन्दा चिसोपना कम हुनुपर्ने, २ प्रतिशत भन्दा बाह्य पदार्थको मिश्रण हुन नहुने, ५ प्रतिशत भन्दा बढी टुक्रेको वा मिश्रण भएको हुन नहुने तथा नभिजेको, सफा, किरा र ढुसी नलागेको, पोपटा र भुस कम भएको धान हुनुपर्ने छ। सोही मापदण्ड अनुसार नै गुणस्तर पहिचान गरी सरकारी दररेटमा मोटा धान खरिद गरिएको खाद्य ब्यवस्था कार्यालयका प्राविधिक तथा गुणस्तर अधिकृत रोशन श्रेष्ठले जानकरी गराएका हुन् । धान बिक्री गर्ने किसानहरुले आफ्नो धान संकलन केन्द्रसम्म आफै ढुवानी गर्नुपर्ने, जग्गा धनीको प्रमाणपूर्जा र नेपाली नागरिकताको प्रतिलिपी तथा स्थानीय सरकारको सिफारिस उपलब्ध गराउनुपर्ने नियम रहेको कार्यालय प्रमुख तिलक सुनारले जानकारी गराए । स्थानीय सरकारसँग भएको सम्झौता बमोजिम एकजना किसानबाट ४० क्वीण्टलको दरले १८ हजार क्वीण्टल सम्म खरिद गरिने र लक्ष्य पुरा नहुँदासम्म संकलन केन्द्र खुल्लै रहने गढवा गाउँपालिकाका कृषि शाखा प्रमुख कर्ताराम यादवले बताएका छन्।

# लुम्बिनी प्रदेशका दुई दर्जन गौरवका आयोजना अलपत्र

नमस्ते समचारदाता
दाङ, कार्तिक/२३



लुम्बिनी प्रदेश सरकारले अगाडि सारेका गौरवका आयोजना अलपत्र परेका छन् । चालु आर्थिक वर्ष २०८१/०८२ को बजेटमा २४ वटा सडक आयोजनालाई प्रदेश स्तरका प्रमुख गौरवका योजनाका रूपमा राखिएको छ । यी आयोजना अधिकांश यस अघिका सरकारले अघि सारेर पूरा नभएका योजनाहरु नै हुन् । क्रमागत योजना भए पनि बजेट सुनिश्चित नभएको कारण देखाएर यीमध्ये अधिकांश योजनालाई गत वर्षभन्दा कम बजेट विनियोजन भएको छ । प्रदेश सरकारले स्थानीय तह पहुँच मार्ग अन्तर्गत राखेका २० वटा सडक आयोजनाको अवस्था उस्तै छ । यस्ता आयोजनामा प्रदेशभित्रका कम्तीमा दुई पालिकाका केन्द्र जोड्ने सडक, एकै जिल्लाका विभिन्न ठाउँ जोड्ने राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्ग देखि कृषि, पर्यटन, उद्योग, व्यापार, खानी, बस्ती, जलाशय तथा प्रदेशका महत्वपूर्ण आयोजना स्थल जोड्ने सडक, राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गदेखि स्थानीय तहका केन्द्र जोड्ने सडकहरु रहेका छन् । पर्यटन स्थल पहुँच मार्ग अन्तर्गत रहेका २० वटा र सीमा क्षेत्र सडक कार्यक्रम अन्तर्गत रहेका २० वटा सडक आयोजना मध्ये अधिकांशलाई गत आर्थिक वर्ष भन्दा कम बजेट विनियोजन गरिएको छ । लुम्बिनीमा नयाँ सरकार गठन भएपछि प्रादेशिक सडक सञ्जाल गुरुयोजना तयार गर्ने काम अन्तिम चरणमा पुगेको छ । प्रादेशिक सडक गुरुयोजना नबन्दा सडक निर्माण गर्न बजेट छरिने र त्यसले उपलब्धि दिन नसक्ने भएपछि प्रदेश सरकारले गुरुयोजना बनाउन लागिएको भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बताएका छन् । मन्त्री भूमिश्वर ढकालले भने, 'गुरुयोजना बनिसकेपछि प्रदेशको आफ्नै लोकमार्ग र प्रदेशका सडकको क्षेत्र निर्धारण हुन्छ । वार्षिक योजना अनुसार त्यसमा बजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने काम सहज रूपमा अघि बढ्छ ।' लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ मा रामपुर-कपुरकोट सडकलाई प्रदेश गौरवको आयोजनाका रूपमा सुरु गरेको थियोरु। यसको पहिलो चरण आव २०७८/७९ मा सम्पन्न हुने र दोस्रो चरण २०८५ सालमा सम्पन्न हुने गरी आयोजना समय निर्धारण गरेर सुरुवात गरिए पनि हाल सम्म पहिलो चरणकै काम भएको छैन । प्रदेश सरकारले पहाडी जिल्लालाई केन्द्रित गरी गण्डकी प्रदेशको सिमाना देखि कर्णाली प्रदेशको सिमाना सम्म प्रदेश लोकमार्ग निर्माण गर्ने गरी यो सडक निर्माणको काम थालिएको हो। आव २०७६/७७ मा पाल्पाको रामपुर देखि पश्चिम उत्तर रोल्पाको जिनावाङ जोड्ने सडकलाई प्रदेश गौरवको आयोजनामा राखेर निर्माण सुरु गरेको छ । ६ जना मुख्यमन्त्री फेरिए पनि सडकको ४० प्रतिशत पनि काम भएको छैन । भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेशको पहाडी तीन जिल्ला पाल्पा, अर्घाखाँची र प्युठानमा कार्यालय स्थापना गरी काम गर्दै आएको छ । अहिले पाल्पा, अर्घाखाँची, प्युठान र रोल्पाको विभिन्न खण्डमा सडक निर्माण भइरहेको छ । पाल्पाको रामपुर देखि कर्णाली प्रदेशको सिमाना सल्यानको कपुरकोट सम्म सडकको लम्बाइ २९० किलोमिटर रहेको छ । रामपुर-कपुरकोट सडकको ट्र्याक सञ्चालनमा आइसकेको भए पनि बजेट अभावका कारण पाँच वर्षदेखि सडकको काममा ढिलाइ भएको छ। सडक पूर्वाधार विकास कार्यालय पाल्पाका कार्यालय प्रमुख वासुदेव भण्डारीले साढे चार किलोमिटर सडक निर्माणका लागि २४ करोड २६ लाख रुपियाँमा दिव्यज्योति कन्स्ट्रक्सनसँग आगामी २०८२ साल असार १९ गते भित्र काम सक्ने गरी सम्झौता भएको बताए । यातायात पूर्वाधार निर्देशनालयका प्रवक्ता इन्जिनियर अरुण गुप्ताले भन्छन्, 'बजेट बढाउँदा काम छिटै हुने हो तर बजेट कम छ । पहिले जिल्लाका पूर्वाधार कार्यालयले जिल्लागत रूपमा हेर्ने गरिए भए पनि हाल निर्देशनालयबाटै हेर्ने गरी योजना बनेको छ ।'

# अपर चमेलिया विद्युत गृहभित्र पानी उद्योग

नमस्ते समचारदाता
बैतडी, कार्तिक/२३



चमेलिया नदीबाट ५६ मेगावाट बिजुली उत्पादन गरेर चर्चामा आएको निजी क्षेत्रको अपी पावर कम्पनीले पछिल्लो समय विद्युत गहभित्र मिनरल वाटर उद्योग खोलेर दैनिक २० हजार लिटर पानी प्रशोधन गरी बजारमा बिक्री गर्न सुरु गरेको छ । अपी नाम दिइएको पानी उद्योगले एक लिटर, आधा लिटर र तीनसय मिलिलिटरको चार कुने बोतलमा पानी राखेर बिक्री सुरु गरेको हो । पानीको मूल्य एक लिटरको २५ रुपियाँ, आधा लिटरको १५ र तीनसय मिलि लिटरको १० रुपियाँ मूल्य कायम गरिएको छ । पानी उद्योगमा १६ जनाले रोजगारी पाएका छन् । निजी क्षेत्रको अपी पावर कम्पनीले यसअघि ४० मेगावाटको अपर चमेलिया, ८.५ मेगावाटको नौगाड र ८ मेगावाटको अपर नौगाड गरी ५६.५ मेगावाट बिजुली उत्पादन गरिसकेको छ । विद्युतसँगै पानी उद्योग सञ्चालन गरेर बजारमा शुद्ध पिउने पानीको आपूर्ति सुरु भएको कम्पनीका अध्यक्ष गुरुप्रसाद न्यौपानेले बताए । न्यौपानेले भने, 'बैतडी, दार्चुला, डडेल्धुरा हुँदै तराईका कैलाली र कञ्चनपुर र डडेल्धुर ाको स्याउले हुँदै डोटीसम्म पानी बिक्री भइरहेको छ । पानी उद्योगले दैनिक २० हजार लिटर पानी उत्पादन गर्दै आइरहेको छ ।' चमेलिया नदीको पानी अपी हिमालको फेदबाट बग्ने भएकाले पानीको नाम अपी राखिएको उनले जानकारी दिए । अपीको पानी छिट्टै नेपालभरि बिक्री वितरण गर्ने तयारी भइरहेको कम्पनीले जनाएको छ । नेपाल सरकार र निजी क्षेत्रका कम्पनीले चमेलिया नदीको पाँच ठाउँबाट कुल ९६.५ मेघावाट बिजुली उत्पादन सुरु भएको छ। नेपाल सरकारको लगानीमा चमेलियाको बलाँचमा ३० मेघावाट, निजी क्षेत्रको लगानीमा माथिल्लो चमेलिया ४० मेगावाट, अपर चमेलिया ८.५ मेगावाट, नौगाड ८ मेगावाट र अपर नौगाड १० मेगावाट कुल ९६.५ मेघावाट बिजुली उत्पादन सुरु भएको छ । बझाङको कालङ्गा नदीमा उत्पादन भएको ५३.७९ मेघावाट बिजुली पनि चमेलियाको ग्रिडमा जोडिएपछि बैतडी, दार्चुला र बझाङबाट चमेलियाको ग्रिडमा १५० मेघावाट बिजुली प्रवाह भएर राष्ट्रिय प्रशारण लाइनमा जोडिएको छ। एउटै चमेलिया नदीको पाँच ठाउँबाट विद्युत् उत्पादन भएपछि अँध्यारोमा रहेका बैतडी, दार्चुला र बझाङका गाउँमा विद्युत् विस्तार सुरु भएको छ । बैतडीमा यो वर्ष सात हजार घरधुरीमा विद्युत् पुऱ्याउने लक्ष्य रहेको विद्युत् वितरण केन्द्र बैतडीका कार्यालय प्रमुख इन्जिनियर जनार्दन पौडेलले जानकारी गराएका छन् ।

# उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ समापन



नमस्ते समचारदाता
बाँके, कार्तिक/२३

शुक्रबार उदाउँदो सूर्यलाई अर्घ्य दिँदै छठपर्व सम्पन्न भएको छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन शुक्रबार बिहान तराईका महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सा बाँके लगायत देशभरिका जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्यदान अर्पण गर्दै छठपर्व सम्पन्न भएको हो । पारिवारिक सुख, शान्ति, समृद्धि, रोगबाट मुक्ति तथा मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठका अवसरमा पोखरी, नदी, तलाउमा श्रद्धालु भक्तजनको भीड लागेको थियो । बर्तालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सूर्योपासनाको यो पर्वको प्रारम्भ गरेका थिए । त्यस्तै पर्वको दोस्रो दिन बुधबार खर्ना मनाएका थिए । खर्नाका दिन बर्तीहरूले दिनभरि उपवास निराहार बसेर राति षष्ठीका देवीलाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गरेका थिए र राति अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाएका थिए । त्यस्तै षष्ठीका दिन अर्थात् बिहीबार साँझ गहुँ र चामल ओखल जाँतो वा ढिकीमा कुटान पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाँजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाकीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलासय नजिक बनाएको छठघाटसम्म पुगेका थिए । षष्ठीका दिन बिहीबार साँझ बर्तीले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेल सम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी अर्घ्य अर्पण गरेका थिए ।

# खानेपानीको धारा घर-घर पुगेपछि.गाउँले खुसी

नमस्ते समचारदाता
सल्यान, कार्तिक/२३



सल्यानको शारदा नगरपालिका-९ नयाँबस्तीका दली थापाको घरमै खानेपानीको धारा पुगेको छ। थापालाई खानेपानी ल्याउन अब खोला धाउनु पर्दैन। आँगनमै धारामा पानी आउनथाले पश्चात उनलाई घरपरिवारको लागि, बस्तुभाउलाई खुवाउन, लत्ताकपडा धुन र करेसाबारीमा सिंचाई गर्न सजिलो छ। 'विगतमा खानेपानी ल्याउन डोकोमा गाग्री बोकेर दुई घण्टा तल जानुपर्थ्यो', विगत सम्झदै थापाले सुनाइ, 'अहिले आँगनमै पानी आउँछ, पानीका दुःख गए।' थापा कै छिमेकी डुप्कली थापाको घरमा पनि खानेपानीको धारा छ। विगत जस्तो उनलाई गाग्री, ड्रम, जर्किनमा पानी संकलन गर्नुपर्दैन । 'एक वर्ष पहिले त आकाशबाट पानी पर्दा पनि गाग्री, जर्किन, ड्रममा घरको छानाबाट झरेको पानी संकलन गर्थिम्, कपडा धुने, शौचालय जाने, बस्तुभाउलाई खुवाउने, भाँडा माझ्ने पानी त्यही प्रयोग गर्थिम । पुराना दिन सम्झदै उनले भनिन्, 'अहिले घर-घरमा धारा छन्, चाहिएजति प्रयोग गर्न पाइन्छ ।' दली र डुप्कली जस्तै लीला रेउले पनि घरैमा खानेपानी आएकोमा मख्ख छन् । विगतमा यस भेगका तीन गाउँ नयाँ बस्ती, सानिगारे र ढिरुवाका ७१ घरमा खानेपानीको अभाव थियो । खानेपानीको अभावमा घण्टौं हिडेर बोतल, जर्किन, गाग्रीमा पानी बोक्नुपर्ने बाध्यता थियो । मध्यरातको समयमा पानीकै लागि गाउँदेखि करिब दुई घण्टाको बाटो हिंडेर पधेरोसम्म पुग्नु पर्थ्यो। 'त्यो बेला मध्यरातमै पधेरो पुग्दा समेत पालो नपाइने जस्ता समस्या भोग्दै आएका थियौं, अहिले लिफ्ट प्राविधिबाट घर-घरमा धारा आएपछि सजिलो भएको छ'। खुशी हुँदै उनले सुनाए । खानेपानीको अभावकै कारण विद्यार्थीले पनि समस्या भोग्नु परेको थियो । अधिकांश समय पानी बोक्दैमा जाने अवस्था थियो । तर अहिले त्यो समस्या हटेको विद्यार्थी अम्बरसिंह थापाले कताए । 'पहिले त पढाइ भन्दा पानीकै चिन्ता हुन्थ्यो । अहिले घरमै पानी आएपछि सरसफाइ गर्न सजिलो भएको छ । समयको बचत भएको छ ।' मानव बस्ती देखि करिब दुई किलोमिटर तल हरले खोलामा रहेको पानी लिफ्टमार्फत झण्डा हानेको डाँडामा तानेर सबैका घरमा खानेपानी वितरण गरिएको छ ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली राष्ट्रिय दैनिक Namaste Karnali National Daily
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके